# लम्कीचुहा नगरपालिकाको

## आ.व. २०७४/०७५ को

# सार्वजनिक सुनुवाइको प्रतिवेदन

# लम्कीचुहा नगरपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि रिपोर्टीङ्ग

## २०७५ साउन ०२

सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना : ईश्वर साउँद/ टीकापुर कैलाली

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) लम्की चुहा नगरपालिकाको सेवा

ख) नगरपालिकाले संचालन गरेका योजनाको अवस्था

ग) नगरपालिकाका कर्मचारीको कार्यशैली

घ) लम्की चुहा नगरपालिकाले लिनुपर्ने भावी नीति

कार्यक्रम आयोजना स्थल :– जेसिज हल लम्की

कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७५ साल श्रावण २ गते विहान ९:०० बजे देखि

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : २ घण्टा ३८ मिनेट

**उठेका प्रश्न/जिज्ञासा र उत्तर :**

| क.सं. | प्रश्न/गुनासो/ सुझाव दिनेको नाम र ठेगाना | प्रश्न/गुनासो/सुझाव ? | जवाफ दिने पदाधिकारीको नामथर, पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | लिलाधर जोशी | • ३० फिट बाटो खनियो त्यसमा १६ फिटको ह्युमपाइप किन राखियो ?<br>• खानेपानी चाडै सम्पन्न हुने भनेको थियो अहीलेसम्म सम्पन्न भएन । किन ? | महादेव बजगाँई नगर प्रमुख | • बजेटको अभावले ह्यूम पाईप यस्तो भएको हो । आगामी वर्षमा बजेट विनियोजन गरेका छौ । सबै ठाँउमा ह्युमपाईप ३० फिटको राख्नेछौ ।<br>• खानेपानीको अवस्था अन्तिम चरणमा पुगेको छ । यो केन्द्रिय योजना हो यो नगरपालिकाको योजना होइन । यसमा पनि बजेट अभावले नै हो काम ढिला भएको । सबै सरोकारवालाहरुसँग छलफल गरिरहेका छौ । दशैंसम्म पानी दिन्छौ । |
| २ | उमेश तिमिल्सिना | • स्वच्छ र सफा नगरको अवधारण थियो । तर बजार क्षेत्रमा रहेका अतिक्रमित जग्गाहरु किन हटाइएको छैन ?<br>• सामुदायिक विद्यालयहरुमा भर्ना निशुल्क भनिएको छ तर कार्यान्वय | महादेव बजगाई नगर प्रमुख | • मिनी मार्केटको कुरा गर्नुभएको होला । त्यहाँको जग्गा खाली गर्ने क्रममा रहेको बेला व्यक्तिगत रुपमा म लगायत अधिकृत तथा सबैको नाममा अदालतमा मुद्धा हालेकोले हामीले त्यसको जवाफ दिंदैछौ । त्यसपछी लगत्तै हटाउछौ । |

| | | | | |
|---|---|---|---|---|
| | | किन भएन ? | टीकाराम जोशी सामाजिक विकास शाखा | ● संविधानमा धेरै कुरा लेखिएपनि हुन नसकेका धेरै कुरा रहेका छन् । आगामी वर्षदेखी ८ कक्षासम्म निशुल्क बनाउने नगरपलिकाको निती बनाएका छौ । यसमा थुप्रै बजेट छुट्याएका छौ ।<br>● भर्ना शुल्क सम्बन्धमा थुप्रै बहस भएका छन् । सरकारले भौतिक निर्माणमा खर्च विनियोजन गर्छ तर तलबमा खर्च गर्न दिंदैन । आवश्यकता भन्दा कम सरकारी शिक्षक रहेकोले निजि स्रोतका शिक्षकको आवश्यता हुने भएकोले उनिहरुको तलबको लागी पनि विद्यालयले यस्तो गरेका हुन सक्छन् । भर्ना शुल्क भने लिन पाईदैन । |
| ३ | केशब बजगाई | ● वडा नम्बर १ को सार्वजनिक सुनुवाई भयो कसैलाई थाँहा भएन ।<br>● ह्युमपाइप राख्दा ढुङ्गा नराखेर नै ह्युमपाइप राखिएको छ । आर्थिक अनियमिता भएको हो ? | जनक बम वडा अध्यक्ष १<br><br>महादेव बजगाँई नगर प्रमुख | ● उपभोक्ता समितीलाई सार्वजनिक सुचना गर्न भनिएको हो ।<br>● उपभोक्ता समितीलाई ह्युपाइपको इष्टिमेट अनुसार निर्माण गर्न भनिएको हो, इष्टिमेट पुरा नभएका योजनाका रकम कटौती गरिएको छ । त्यसैले उपभोक्ता समितीले यस्तो गरेका हुन । यसमा आर्थिक अनियमितता भएको छैन ।<br>● जहाँ ढुङ्गा हालिएको छैन त्यहाँ इष्टिमेट अनुसार नभएको भनेर बजेट काटीएको छ । |
| ४ | ललित जैशी | ● नगरपालिको कार्यालयमा सिसि क्यामरा जडान गऱ्यो अहिले बन्द अवस्थामा छ किन ?<br>● उपमेयरलाई, पहिला सार्वजनिक रुपमा नै नगरपालिकामा आर्थिक अनियमितता भएको छ । राम्ररी काम गर्न दिइएन भन्नुहुन्थ्यो । स्पष्ट पारिदिनुपऱ्यो ।<br>● वडा नं. १ का अध्यक्षलाई, बाटोमा ग्रावेल गरिएको उपभोक्ता समितीका पदाधिकारीहरुलाई नै थाँहा छैन । सार्वजनिक सुनुवाईमा पनि कसैलाई जानकारी भएन किन ?<br>● लागुऔषध नियन्त्रणमा नगरपालिकाले किन ध्यान दिन सकेन ? | महादेव बजगाई नगर प्रमुख<br><br>टीका थापा उप प्रमुख<br><br>जनक बम वडा १ अध्यक्ष<br><br>महादेव बजगाई नगर प्रमुख | ● क्यामेरा बन्द भएको सहि कुरो हो, अहिले बिग्रीएको अवस्थामा रहेको छ । त्यसको मर्मत कार्य भैरहेको जानकारी गराउन चाहन्छु । त्यो चाडै सञ्चालनमा आउछ ।<br>● न्याँयिक समिती चलाउन बजेट अभाव हुँदा आर्थिक अनियमिता भए जस्तो लागेर भनिएको हो । पहिला आक्रोसमा भनिएको होला त्यसो केही भएको छैन ।<br>● सबै ठाँउमा ग्रावेल भएको छ । उपभोक्ता समितीमार्फत नै काम भएको छ । सबै टोल टोलमा जानकारी गराएका हौ ।<br>● लागु औषध नियन्त्रणका लागि बजेट विनियोजना गरेका छौ । यसमा सबै जना लाग्न जरुरी छ । जति सकिन्छ न्युनिकरणमा हामी सबैले सहयोग |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्नुपर्छ । नगरपालिका त्यस कामका लागि प्रतिवद्ध छ । |
| ५ | लोकेन्द्र न्यौपाने | ● उपमेयर ज्यू , स्वास्थ्य बिमाको अवस्था के छ ? जानकारी गराई दिनु होला ।<br>● वडाअध्यक्ष ज्यू, थपालिपुर चोकमा राखिएको ह्युमपाइप किन उठाएर लगियो ? | टीका थापा उप प्रमुख<br><br>जनक बम वडा १ अध्यक्ष | ● २०७४ सालमै सबैले गरुन भन्ने उद्देश्यले सबैलाई गर्न भनिएको हो । निर्णय गरेर लालरत्न अस्पताललाई कार्यान्वयन गर्न भनेका छौ ।<br>● ह्यूम पाईप चोक भन्दा अगाडी बाटोमा र अर्को नजिकै खोलामा राखिएको हो । अन्यत्र टाढा कतै लगिएको छैन । उपभोक्ता समिती र समुदायको निर्णयले नै काम भएको हो । |
| ६ | देवानन्द भण्डारी | ● वडा अध्यक्ष ज्यू, विद्युत कार्यालय अगाडीको बाटोलाई पक्की बनाउने कुरा कहाँ अल्झियो, किन भएन ?<br>● पूर्व लम्कीमा कल्भर्ट निर्माणमा समस्या भयो । | महादेव बजगाँई नगर प्रमुख<br><br>जनक बम वडा १ अध्यक्ष | ● यसै वर्ष बाटो बाटो बन्छ । कालोपत्रेका लागि पनि योजना परेको छ ।<br>● बाटो परेन भन्नुभयो, पिच बाटो परेको छ ।<br>● कल्भर्ट बनाउने जिम्मा दिएको हो । तपाईले बनाउन जान्नु भएन होला घाटा खानुपर्‍यो । |
| ७ | खेम बहादुर सुनार | ● वडाअध्यक्ष ज्यू, ३० फिटे बाटो खुल्यो । छ वटा घर त्यही बाटोमा परेको तर तिन जनालाई मात्रै अति विपन्न भनेर रिपोर्ट गएको  कसरी यस्तो भयो ?<br>● नाली नियम विपरित भएको छ , कसरी भयो ? | जनक बम वडा १ अध्यक्ष | ● तिन जनाको घर भत्किने सम्भावना भएकोले अति विपन्न जोखिम भनेर पर्खाल बनाईदिएका हौ ।<br>● नाली नियम विपरित भएको छैन । गएर हेर्दा हुन्छ । |
| ८ | ललित जैशी | ● उपमेयर ज्यू, टोल कमिटीद्धारा काम भएको छ तर उपभोक्तालाई जानकारी नै छैन ।<br>● नगरपालिकामा कर्मचारी राखियो, शैक्षिक स्तर खुलाइएन किन ? | महादेव बजगाई नगर प्रमुख | ● नगरपालिकामा कुनै पनि कर्मचारी राखिएको छैन । ज्यालादारीबाट काम भैरहेको छ । |
| ९ | केदार भण्डारी | ● सार्वजनिक रुपमा लगतकट्टा भएको बाटोमा खेती भैरहेको छ । यसमा नगरपालिका के गरेको छ ?<br>● बत्तिहरु किन व्यवस्थापन भएन ? | महादेव बजगाँई नगर प्रमुख | ● सबै काम क्रमबद्ध रुपमा अगाडी बढ्दै जानेछन् । केही समय लाग्ला । पहिलो वर्ष नभए काम दोस्रो वर्ष गरौला । |
| १० | दानबहादुर बोगटी | ● नगरपालिकाले राम्रो काम पनि गरेको छ, त्यो कुरा आएन किन ? राम्रो कामलाई सम्मान गर्न सिकौ । केही कमजोरी हुन सक्लान ?<br>● नगरपालिकाले युवाहरुलाई खेलकुदमा सुदुरपश्चिममै उत्कृष्ट बनाउने निती लिनुपर्छ । | महादेव बजगाँई नगरप्रमुख | ● राम्रो कामलाई राम्रो र नराम्रो कामलाई नराम्रो भन्न सकेमा मात्रै पनि देश बन्छ ।<br>● गत वर्षमा खेलकुदमा काम गर्न सकेनौ यसलाई हामीले स्वाभाविक रुपमा लिएका छौ । अव यो वर्ष वजेट विनियोजन गरीएको छ । |
| ११ | पुरन विक | ● प्रश्नहरु पूर्वाग्रही रुपमा आएको | महादेव | ● यसै वर्ष एकिकृत शहरी योजनाको |

| | | | | |
|---|---|---|---|---|
| | | देखियो ।<br>● बचनवद्धता अनुसार काम गर्न नगरपालिका लागिपरेको देखिन्छ । राम्रो पक्ष हो ।<br>● बाटोको स्तरोन्नती पश्चात ढलनिकासको लागी बजेट छुट्याउनुहोला । | बजगाँई<br>नगर प्रमुख | डिपिआर पास भएको छ । ढल निकासको काम पनि पुरा हुनेछन् । |
| १२ | जयन्त जैशी | ● राम्रोलाई राम्रो नराम्रोलाई नराम्रो भन्न सिकौं ।<br>● सशक्त अनुगमन गरियोस् । नगरपालिकको ९५ प्रतिशत काम सम्पन्न भएको छ । यो राम्रो पक्ष हो , धन्यवाद । | | |
| १३ | महेश कुमार विष्ट | ● काम सह्रानिय भएको छ । एकैचोटी सबैकुरा पुरा हुँदैन ।<br>● जनप्रतिनिधीमा युवा जनशक्ति पाएका छौ ।<br>● प्रजातान्त्रिक पद्धतीमा प्रश्न सोध्न पाइन्छ ।<br>● उपमेयर, आफु पेलानमा परेको अभिव्यक्ति दिनुहुन्थ्यो तर पछी खै के भयो राम्रो काम भन्नुहुन्छ ? कुरो मिलेन । न्यायिक समितिमा कस्ता किसीमका मुद्धाहरु आउने गरेका छन् ? | महादेव<br>बजगाँई<br>नगर प्रमुख<br><br>टीका थापा<br>उप प्रमुख | ● विकास आफु केन्द्रित नभै सबै केन्द्रित हुनुपर्छ ।<br>● आफैमा कोही पनि विज्ञ हुन्न । काम गर्दा विग्रन्छ । हामी सिक्ने क्रममा नै छौ यसमा जनताले पनि सहयोग गर्नुपर्छ । गल्ती नियाल्ने गर्नुस्, अनि हामीहरुलाई सच्चिने मौका मिल्छ ।<br>● न्यायिक समितीमा काम गरिरहेकोले यसमा जग्गा मिचिएको अंशबन्डा, घरेलु हिंसा, कुटपिट लगायतका मुद्धाहरु न्यायिक समितीमा आउने गरेका छन् । |
| १४ | तारा आचार्य | ● राम्रो कामको प्रशंसा गर्न सिकौं ।<br>● जनप्रतिनिधीहरुलाई मात्रै आरोप नलगाऔ । नागरिक पनि सचेत बनौं ।<br>● असारे विकासको अन्त्य कहिले हुने ?<br>● लागु औषध नियन्त्रण सम्बन्धि कार्यक्रम र रोजगारीको अवसरहरु सिर्जना गरेमा लागु औषधलाई न्यूनिकरण गर्न सकिन्छ कि ? | महादेव<br>बजगाँई<br>नगर प्रमुख | ● असारे विकास नेपालकै मार्मिक कुरा हो । हामी आगामी वर्षमा यसको अन्त्य गर्ने प्रयास गर्दैछौ ।<br>● विपद जोखिम व्यवस्थापनमा खर्च गर्ने भनेर सोचेका छौ ।<br>● लागु औषध न्यूनिकरणका लागि पनि वजेट विनियोजन गरीएको छ । |
| १५ | विश्वेश्वर प्रसाद उपाध्याय | ● नगरपालिक भित्रका सबै बाटाहरु ग्रावेल भएका छन, बजेटका अभावले पुगेन अझ पठाउँछौ भन्नुभयो ।<br>● प्रसुती गृह प्रत्येक वडामा बनाइयोस् ।<br>● प्रत्येक वडामा शुद्ध खानेपानी | महादेव<br>बजगाँई<br>नगर प्रमुख | ● पहिलो वर्ष वजेट अपुग भएका बाटाहरुमा यो वर्ष बजेट विनियोजन गरिएको छ ।<br>● विमाका बारेमा राम्रोसंग जानकारी नभएकाले पनि ढिला सुस्ति भएको हुन सक्छ । त्यसको विषयमा आगामी दिनमा योजना बनाएर अगाडी बढ्ने छौं । |

| | | | | |
|---|---|---|---|---|
| | | पुऱ्याईयोस ।<br>● २० प्रतिशत श्रमदान कसैले गरेको पाइदैन । सबैले प्रश्न मात्रै सोध्ने नगरी काम पनि गरौ ।<br>● बिमा भरेका मानिसको उपचारमा ढिलासुस्ती किन हुन्छ ? | | |
| १६ | नन्द बहादुर साँउद | ● रोडल्याण्डमा कति रकम छुट्याइएको छ ।<br>● पिकनिक स्थलबाट आम्दानी कति हुन्छ ?<br>● बाटो खनिएको छ, ढल निकासको काम पहिला गरियोस् ।<br>● जग्गा नम्बरी गर्ने नारा के हुँदैछ ? | महादेव बजगाँई नगर प्रमुख | ● यि विषयहरुको अध्यायनको लागि समिती गठन गर्दैछ । त्यसमा स्थानिय सरकारको पहलमा काम हुँनेछ ।<br>● अव्यवस्थित बसोबासको कुरा बुझेको छु । यसै वर्ष आवासको लागी व्यवस्था हुदैछ । |
| १७ | देवानन्द जैशी | ● नगरपालिकामा २२६ कि.मि. बाटो बन्यो धन्यबाद ।<br>● बाटो निर्माणमा आर्थिक अनियमितता भएको कुरा के हो ?<br>● गाईगोरुको दिगो व्यवस्थापनको अवस्था के छ ?<br>● नगरपालिका भित्र व्यापारीलाई मुल्यसुचि राख्न अनिवार्य गरियोस् ।<br>● न्यायिक समितीका निर्णयहरु के कस्ता भए ?<br>● सार्वजनिक व्यक्तिहरुका छोराछोरीहरु सार्वजनिक विद्यालयमा भर्ना छन् कि छैनन् ? अनुगमन गरियोस् । | महादेव बजगाँई नगर प्रमुख<br><br>टीका थापा उप प्रमुख | ● पहिला बनेको बाटो र स्थानिय सरकार आइसकेपछी बनेको बाटोमा स्तररोन्नती भएको जस्तो लाग्दैन ।<br>● ट्याक्टर आएपछि र गाईको दुध खाने पछी छोड्ने चलनले गाई गोरुको यस्तो समस्या आएको देखिन्छ । पहाडमा लगेर व्यवस्थापन गर्ने गरेका छौ । यसका निकै चुनौती छन् ।<br>● सामुदायिक विद्यालयको गुणस्तर बृद्धी गर्दै गइरहेका छौ । सबै जनप्रतिनिधीबाट सुरु गर्ने छौ ।<br>● ५८/५९ निवेदन परेकोमा ७/८ वटा जति मेलमिलाप भएका छन्, ३/४ वटा अदालतमा पठाएका छौ । |
| १८ | खडक टमट्टा | ● सार्वजनिक ठाँउमा बनाइएका सिँडी ढल्यो तर सिँडी अड्याउने पाइप ढलेन ?<br>● राजिपुरमा डोजरले खन्न नसकेर फर्केर गयो । | महादेव बजगाँई नगर प्रमुख | ● सार्वजनिक जग्गामा बनाइएका घर, पाली बनाउन दिने छैनौ ।<br>● डोजर फर्केर गएको कुरा थाँहा भएन । |
| १९ | शेर बहादुर विष्ट | ● उपभोक्ता समिती मार्फत काममा श्रमदान भनिएको हुन्छ । कतिको प्रभावकारी भएको छ ?<br>● ठेक्का पट्टा गर्दा पनि श्रमदान हुने होकी ? | महादेव बजगाँई नगर प्रमुख | ● ९९ प्रतिशतमा श्रमदान भएको पाउदैनौ । यो प्रभावकारी भएको छैन । |
| २० | बसन्त जैशी | ● छाडा चौपायाले अहिले दुर्घटनामा कमि भएको पाएका छौ ।<br>● सार्वजनिक सुनुवाई कार्यक्रम | महादेव बजगाँई नगर प्रमुख | ● हामीले कुनैपनि मिडीयालाई सार्वजनिक सुनुवाई कार्यक्रम दिएका छैनौ । बुझाईमा समस्या भयो होला । |

| | | | | |
|---|---|---|---|---|
| | | यहाँका मिडीयालाई छोडेर टीकापुरलाई किन दिइयो ?<br>● आगामी वर्षमा स्तरिय रोड बनाउने निती लिएको छ कस्तो रोड हो ? | | ● आफैले सार्वजनिक सुनुवाई कार्यक्रम गरेको कुनैपनि औचित्य नभएकोले डकुमेन्ट पुरा भएको सँस्थालाई दिएको हो ।<br>● क्षति भएको बाटोलाई स्तरोन्नती गर्ने भनेका हौ । |
| २२ | राम बहादुर विष्ट | ● नगरपालिकाको रोडको अवधारणा राम्रो तर काम गर्ने ट्याक्टर, ट्रीपरवालाहरु रोइरहेको अवस्था छ । काम गरेको ८० प्रतिशत तर ३० प्रतिशत कटाएर भुक्तानी भएको अवस्था छ । खास कुरा के हो ?<br>● चिसापानीको विकासको सम्बन्धमा विभेद गरेको पाइन्छ किन ?<br>● ढल निकासको लागी के व्यवस्था छ ? | महादेव बजगाँई नगर प्रमुख | ● घाटा नाफा समितीलाई दिएको हो । यसमा ध्यान जाओस ।<br>● श्रोत कम र माग धेरै भएकोले केही योजना छुटेका होला ।<br>● यो वर्ष ढलको योजना रहेको छ । |
| २३ | गौर बहादुर खत्री | ● बन वातावरण सम्बन्धि कुरा आएछ, मेयर सापको ध्यान जाओस ।<br>● उपभोक्ता निर्माण समिती गठन गर्दा सबैको सहभागिता होस् ।<br>● रिठाई तालको पर्यटकिय स्थलको रुपमा विकास गरियोस् । | महादेव बजगाँई नगर प्रमुख | ● पर्यटकिय र रमणिय स्थल बनाउने योजना रहेको छ । |
| २४ | हरी विक | ● घरको छेउ नाली खनिएको छ ।<br>● ह्युमपाइप थिएन भने छैन भनि दिनुपर्ने यसमा समस्या भएको छ । त्यस विषयमा नगरपालिकाको ध्यान जाहोस् । | महादेव बजगाँई नगर प्रमुख | ● गएको वर्षमा हाल्न सकिएन यो वर्षको वजेटबाट हाल्नेछौ । यसमा हाम्रो ध्यानाकर्षण भएको छ । |

**टीप्पणीकर्ता : मिनबहादुर शाही/सरोज कुमार शाह/बद्रीप्रसाद लम्साल**

- ढिलै भएपनि सार्वजनिक सुनुवाई गरेकोमा धन्यबाद ।
- उपस्थिती हेर्दा नागरिकको अपेक्षा धेरै भएको पाइयो ।
- जिल्ला विकासले गर्न नसक्ने काम नगरपालिकाले गरेको देखिन्छ । यो राम्रो कुरा हो ।
- उठेका प्रश्न जायज र जवाफ पनि जायज छ ।
- स्थानिय स्तरमा जनता प्रति जनप्रतिनिधी उत्तरदायि हुनुपर्ने हुन्छ । सिकाई भएकोले आगामी दिनमा सुधार गर्नुहोला ।
- पूर्वाधार विकास मात्रै विकास होइन । मानविय विकासमा पनि विकास हो, त्यसका लागि पनि रकम विनियोजन गर्नुपर्छ ।
- यहाको शिक्षा निती प्रति अन्य स्थानिय निकायले नियालिरहेको छ । यो राम्रो पक्ष हो ।

- कार्यविधि बनाऔ, जनताप्रति उत्तरदायि हुन सार्वजनिक सुनुवाई एक पटक होईन आगामी वर्षमा चौमासिक रुपमा गर्नुपर्छ । यसमा नगरपालिकाको ध्यान जाओस् ।
- बजेट र भोलुम बढ्दै गर्दा गुणस्तरियता हेर्नुपर्ने अवस्था छ । त्यसका सबै पक्षको ध्यान जान जरुरी छ ।
- नगर प्रोफाइल बनाउनुहोला । यसले नगरपालिकाको विकासमा ठूलो टेवा पुगाउछ ।
- खरिद योजना बनाऔ । जसले असारे विकास कम गर्न सहयोग पुग्छ । जेठसम्म भौतिक योजना पुरा हुनुपर्छ जस्तो लाग्छ । त्यसो गरीदा असारमा आगामी वर्षको योजना बनाउन सहयोग पुग्ने देखिन्छ ।
- प्राकृतिक स्रोत व्यवस्थापनको मापदण्ड बनाउनुपर्‍यो ।
- वडागत रुपमा सार्वजनिक सुनुवाई हुँदा धेरै प्रश्न वडामा नै समाधान भएर आउने गर्छन । त्यसका लागि आगामी दिनमा नियम संगत तरीकाले वडा स्तरमै सार्वजनिक सुनुवाई गर्ने व्यवस्था नगरपालिकाले गरीदिनु पर्छ ।
- औधोगिक विकासको क्षेत्र घोषणा भएकोले त्यसले मानव जिवनमा पर्ने असरका बारेमा नगरपालिकाको ध्यान जाओस् ।
- ट्याक्टर र जेसिबिको भाडादर कायम हुनुपर्ने देखिन्छ । यसले गर्दा नगरपालिकालाई काम गर्न सजिलो हुने देखिन्छ ।
- पहिलो वर्ष सबैका लागि सिकाईको वर्ष भएको छ, अवको दिनमा सिकाई हैन काम गराईको वर्ष हुनुपर्छ ।

**नगर प्रमुख : महादेव बजगाई**

- सकारात्मक रुपमा प्रेरणामुलक सुझाव दिनु भएकोमा सबैलाई धन्यबाद ।
- आगामी दिनमा नगरपालिकाको विकासको लागी यस कार्यक्रममा दिनु भएको सुझावहरुले केही मात्रामा भएपनि पृष्ठपोषणको काम गर्ने अपेक्षा गरीएको छ ।
- यो कार्यक्रममा आएका सुझावहरुलाई ग्रहण गर्दै अगाडी बढ्ने छौं ।
- विकास सबै ठाउमा एकै पटक हुदैन त्यसका लागि क्रमशः काम गर्दै जानुपर्छ । त्यसैले यो वर्ष नभएका विकासका कामहरु अर्को वर्ष हुनेछन् ।
- नगरपालिकाका सबै क्षेत्रको विकासका लागि नगरपालिकाको टीम लागि रहेको र त्यसमा नागरिकहरुले पनि साथ दिएपछि अझै काम गर्न सजिलो हुने नगरपालिकाको अपेक्षा रहेको छ ।
- आगामी दिनमा पारदर्शिपूर्ण विकास हुनेछ । पारदर्शि रुपमा योजना बनाउछौ ।
- पहिलो वर्ष सिकाईको वर्ष भएकाले केही कमिकमजोरी भएको हुन सक्छ अर्को वर्ष त्यसको अन्त्य गरीनेछ ।
- नगरपालिका सबैको हो नेतृत्व फिरीन सक्छ, तर हामीले विकासका काममा सहकार्य जारी राख्दै अगाडी बढ्दा नगरपालिकाको विकासले तिव्रता लिने देखिन्छ । यसमा सबै नागरिकको साथ नगरपालिकालाई चाहिन्छ ।

## लम्की चुहा नगरपालिकाको सार्वजनिक सुनुवाईका झलकहरु :





सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरु




नगरपालिकाको प्रगति प्रस्तुत गर्दै निमित्त प्रशासकिय प्रमुख हिमालय बम



योजना शाखाको प्रगति प्रस्तुत गर्दै योजना शाखाका जनक वटाला




सामाजिक विकास शाखाको प्रगति प्रस्तुत गर्दै टीकाराम जोशी



स्वास्थ्य शाखाको प्रगति प्रस्तुत गर्दै जयन्ति विसी




कृषी शाखाको प्रगति प्रस्तुत गर्दै नम्रता अधिकारी



पशु शाखाको प्रगति प्रस्तुत आनन्द भट्ट



कार्यक्रममा सहभागिहरु जिज्ञासा राख्दै



कर्यक्रममा टीप्पणीकर्ताको समुहको तर्फबाट टीप्पणी प्रस्तुत गर्दै : मिनबहादुर शाही




कार्यक्रमको सहजिकरण गर्दै पत्रकार : ईश्वर साउँद




कार्यक्रममा उठेका जिज्ञासाहरुको जवाफ दिदै नगर उप-प्रमुख : टीका थापा




कार्यक्रममा उठेका जिज्ञासाहरुको जवाफ दिदै नगर प्रमुख : महादेव बजगाई

रोगको समयमा उपचार गर्नु पदर्छ । उपचारको लागिधामी झाँक्रीकहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

कैलाली हटल...
नेपाली राष्ट्रिय दैनिक
जि.प्र...
जि.हु...
www.kailalihotline.com
बर्ष १३ अंक ३ श्रावण ३ विहीबार २०७५ (19 Jul, 201...

# सार्वजनिक सुनवाई सम्पन्न

>हटलाइन समाचारदाता—
टीकापुर २ श्रावण

लम्की चुहा नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सार्वजनिक सुनुवाई कार्यक्रम बुधबार सम्पन्न भएको छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा नगरबासीहरुले नगरमा भैरहेको विभिन्न योजना निर्माणमा समस्या, भौतिक पुर्वाधार विकासमा बजेट अभाव, आर्थिक पार्दशिता हुनु पर्ने बताएका छन्।

सार्वजनिक सुनुवाई कार्यक्रममा लिलाधर जोशीले सडक विस्तारको क्रममा ३० फिट सडक विस्तार भई १६ फिटे ह्युमपाइप हाल्दा सडकमा खाल्डाखुल्डी सगै समस्या आएको बताउनुभयो। उहाँले वडा नं. ७ प्रतापपुरको खाने पानीको योजना सम्पन्न हुने समयसिमाको बारेमा जिज्ञासा राख्नु भएको थियो।

नगरको राम्रो कार्यको प्रशंसा गर्नु पर्ने बताउनु भयो। उहाँले लम्की चुहा नगरपालिकालाई खेलकुद विकासको उत्कृष्ट खेलाडी उत्पादन गर्ने नगरको रुपमा विकास गर्नु पर्ने सुझाव दिनु भयो।

तारा आचार्यले धेरै युवा बिरोजगार रहेकोले स्वरोजगारको कार्यक्रम नगरले ल्याउनु पर्ने माग गर्नु भयो। उहाँले अहिले पनि स्थानिय तहमा असारे विकासको परिपाटी रहेकोले नागरिक सचेतना बढाउदै हतारको असारे विकास हुने कार्यको अन्त्य हुनु पर्ने बताउनु भयो।

विशेस्वर उपाध्यायले स्थानिय तहले उपभोक्ता समिति मार्फत हुने कार्यमा २० प्रतिशत जनश्रमदान लगाउने निती भए पनि श्रमदान कागजी रुपमा सिमित बन्दै जादा योजना अधुरा तथा बजेटको कमी हुने

देवानन्द जैसीले सरकारले निशुल्क शिक्षा निती लिएको अवस्थामा सरकारी विद्यालयमा भर्ना शुल्क दिइरहेको तथा सरकारी सेवामा पदधारण गरेका व्यक्तिका छोराछोरी सरकारी विद्यालयमा पढाउने अभियान नगरमा कार्यान्वन भैरहेको अवस्थाको बारेमा जिज्ञासा राख्नुभयो।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरबासीहरु नगरका छाडा पशु समस्या समाधान, बजारमा व्यवसायीहरु मुल्य सुचि राख्नु पर्ने, कालोबजारी नियन्त्रण गर्नु पर्ने, नगर तथा वडामा समयमा योजनाहरु छनौट नहुदा बजेटमा समस्या आउने भएकाले समयमा योजना छनौट गरि कार्यान्वन गर्नु पर्ने, वातावरण तथा पर्यटनको लागि योजना सहित पहल हुनु पर्ने, सडक विस्तार सँगै ढल निकासको व्यवस्था

व्यवस्थापन विकास र संरचना तथा सुशासनमा गरि ६१ करोड, ७८ लाख ७८ हजार बजेट विनियोजना गरेको थियो। नगरमा भौतिक पुर्वाधार तर्फ वडा नं. १ देखि १० सम्म २ सय ६५ वटा ३० फिटे बाटोमा ग्रावेल, १२ किलो मिटर नदीमा नदी नियन्त्रणको लागि तटबन्ध, ९७ वटा बोरिङ्ग, ९ सय २ वटा पोल व्यवस्थापन, ४ सय ५ वटा फोहर व्पस्थापनको लागि डष्टबिन, ८ सय ५० ह्यामपाइप, ४९ वटा कल्भर्ट निमार्ण सहित १ सय ४० भौतिक पुर्वाधार विकासको कार्य गरेको छ। कार्यक्रममा नगरबासीको तर्फबाट आएका प्रश्न, जिज्ञासा प्रतिक्रियाको जवाफ नगर प्रमुख महादेव बजगाइ, उपप्रमुख टीका थापा, कार्यकारी अधिकृत हिमालय बम, वडा अध्यक्षहरु लगाएतले दिनु भएको थियो।

## आधु...
## किसान...
### एक तथ...

>हटलाइन समाचार...
टीकापुर २ श्रावण

कैलालीको लम्कीचु... किसान बहुउद्देश्यीय... संस्थाले आर्थिक... २०७४/०७५ मा सा... ५० लाख रुपैयाँ... आर्जन गरेको छ।

२०५२ सालमा स्था... कारोबार सुरु गरेको... आठ करोड सेयर पुँ... छ।

आर्थिक बर्षको... संस्थाले एक अर्ब... निक्षेप संकलन गरेक... विभिन्न शिर्षकमा... लाई दुई अर्ब कर्जा... गरेको छ।

कैलालीकौ लम्कीम...

## जानकी...

ाली हटलाइन
नेपाली राष्ट्रिय दैनिक
श्रावण ३ गते विहीबार

विद्यालमा गई आर्थिक रुपमा विपन्न गरिब तथा असाय बालबालिकाहरुलाई छनौट गरि छात्रवृति प्रदान गरिएको बताउनु भयो ।

उहाँले जनप्रतिनिधि निर्वाचित भई आएको १ वर्ष पुरा भएको अवधीमा धेरै कुरा बुझ्दा बुझ्दै बितेकाले अब नया आर्थिक वर्षमा शिक्षामा वडामा आफनो प्रत्यक्ष निगरानी हुने समेत बताउनु भयो । पछिल्लो सम्यमा वडा अन्तरगतका विद्यालयमा सा सान कुराहरुमा समेत लापरबाही भएको बताउँदै विद्यार्थीहरुलाई विद्यालयको गुण्स्तर बढाउन लाई बाताबरण मिल्नुपर्ने बताउनु भयो ।

छात्रवृति तथा जेष्ठ नागरिक सम्मान कार्यक्रममा वडा सदस्य कलपना खड्का, शेर बहादुर विक र सुनकोशा सार्कीले बोल्नु भएको थियो ।

कार्यक्रमको सन्चालन वडा सचिब प्रेमबहादुर बुढाले गर्नु भएको थियो ।

कार्यक्रममा समाजसेवी बुद्धीजिवीहरुको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रम जानकी गाउँपालिका वडा नं. ९ को आयोजनामा भएको हो ।

---

मुक्तकमैयाको जीवनस्तरमा सुधार आएको छ भने स्वरोजगार दर बढेको छ। मुक्त कमैयाका बालबालिकाको स्कूल भर्ना दर पनि उल्लेख्य रूपमा बढेको छ ।

धनगढी उपमहानगरपालिका

## सार्वजनिक...............

संचालनको बारेमा सुचना प्रवाह गर्ने समेत बताउनु भयो ।

नगरको शाखागत रुपमा प्रशासनिक तथा योजना शाखाका जनक बटाला, सामाजिक विकास शाखाका टीकाराम जोशी, स्वास्थ्य शाखाका जयन्ती विसी, कृषि शाखाका नम्रता अधिकारी, पशु शाखाका आन्नद भट्टले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रमम टीप्पणीकर्ता मिन बहादुर शाही, बद्री प्रसाद लम्साल, सरोज कुमार शाह रहनु भएको थियो ।

टीप्पणी प्रस्तुत गर्दै लम्की चुहा नगरपालिकाले अन्य तह भन्दा प्रतिस्पर्धात्मक रुपमा विकास गर्ने सुशासनको कार्य गर्दै मानविय विकास अभिवृद्धिको कार्यक्रम ... पर्ने, योजनामा गुणस्तर ... कायम गर्नु पर्ने ... भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन पत्रकार ... साँउदले गर्नु भएको थियो ।

सूचना, समाचार, मनोरञ्जन र विज्ञापनको लागि
सम्पर्क नं. ०९१-५६०६५६
९८११६३१७१२
कैलाली हटलाइन दैनिक
टीकापुर कैलाली

# कला / मनोरञ्जन

## सन्नी लियोनी जहिले पनि विवादमा

*पूर्व पोर्नस्टार र बलिउड अभिनेत्री सन्नी लियोनीको जीवनमा बनिरहेको फिल्म 'करनजीत कौर' रिलिज हुनुअघि विवादमा तानिएको छ । सन्नी लियोनीको जीवनमा आधारित या फिल्ममा उनको बाल्यकाल देखि लिएर पोर्नस्टार र बलिउड अभिनेत्री बन्दा सम्मको यात्रा देखाइएको छ । जुलाई ५ मा फिल्मको ट्रेलर रिलिज भएपछि युट्युबदेखि लिएर ट्वीटर र फेसबुकमा फिल्मको समर्थनदेखि लिएर यसको विरोधमा कयौन टिप्पणीहरु देखिइएको छ । ट्वीटर प्रयोगकर्ता गोग्ना लेख्छिन्*



*'एक पंजाब सिख युवती भएको नाताले तपाईले आफ्नो मात्र होइन आफ्नो परिवारको नाम पनि बर्बाद गरिदिनु भएको छ ।' एक असफल भएको व्यक्तिको बायोपिकमा मेरो कुनै रुचि छैन ।' उता शिरोमणि गुरुद्वारा प्रबन्ध समितिले यो फिल्मको नाममा आपत्ति जनाउँदै आधिकारिक रुपमा यसको विरोध गर्ने फैसला गरेको छ ।*

आज मिति २०७५ साल श्रावण ३ गतेका दिन लम्कीचुहा नगरपालिकाका नगर प्रमुख श्री महादेव बजगाईं ज्यूको अध्यक्षतामा लम्कीचुहा नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को सार्वजनिक सुनुवाई- कार्यक्रम तपसिलको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति

१. श्री महादेव बजगाईं, नगर प्रमुख
२. श्री टीका थापा, उप. प्रमुख
३ श्री हिमालय बम नि. प्रमुख प्रशासकीय अधिकृत
४. श्री हृदे ब० कठरिया वडा नं. १०, अध्यक्ष
५. श्री रण बहादुर बिष्ट " " ८ सदस्य
६ श्री मायाँ बिष्ट " " ८ सदस्य
७, जनक ब० बम " " ७ "
८. लाल बहादुर बोगटी " " ४ "
९. भैरव मगर " ६ "
१०- विष्णु प्रसाद कोला " २
११ अमृता कुँवर
१२ गीता चौधरी सामुदायिक कृषि डिपो टीकापुर
१३ असर्फी देवी चौधरी वडा ३ सदस्य
१४ मिना कुमारी चौधरी कार्यपालिका सदस्य
१५ सुमित्रा कुमारी चौधरी वडा सदस्य
१६ भुमिसरा उपाध्याय कार्यपालिका सदस्य
दुर्गता बि.क. " "
रेणुमुल मकरा वडा/१० सदस्य
भक्त ब० चलाउने वडा अध्यक्ष - ८
पदम बहादुर तिरुवा
राम बहादुर शाह
जानकी विक वडा सदस्य
चिराजन शाही
बिरेन्द्र बिष्ट
लोक ब० शाही
प्रेम राज शाही
चन्द्र बहादुर बि.क. ९ वडा सदस्य
लोक बहादुर सुनार

निक

om

Jul, 20

आ

किसान

एक

हटलाइन

टीकापुर २

कैलालीको

किसान बहुउद्देश्य

संस्थाले

२०७४/०७५

५० लाख

आर्जन गरेको

२०५२ साल

कारोबार सुरु

आठ करोड

छ।

आर्थिक

संस्थाले एक

निक्षेप संकलन

विभिन्न शिर्षक

लाई दुई अर्ब

गरेको छ।

कैलालीको

जानकी

वितरण

गीता चौधरी

जानकी :

जानकी

नम्बर ९को

वडा भित्रमा

का विद्यार्थी

तथा वडा

| | | | |
|---|---|---|---|
| | अंजय सिं कुमार | कार्यपालिका सदस्य | |
| | भक्त बा० बुढामगर | वडा सदस्य ५ | |
| | प्रेम ब० चौधरी | वडा सदस्य ३ | प्रेमबहादुर |
| | जुकुराम डगौरा | " " १० | |
| | हिमा पौडेल | वडा २ | |
| | तारा आचार्य | वडा नं १ | |
| | देवानन्द भण्डारी | वडा नं १ | देवानन्द |
| | शान्ति नेपाली | वडा सदस्य ५ | |
| | लक्ष्मण प्र० चौधरी | " " १० | |
| | गौरी जोशी | ल.कु.न.पा. ५ | |
| १ | पदम ब० बराल | " " ५ | |
| २ | हरि प्र० खनाल | " " " | |
| ३ | गोविन्द खनाल | " " " | |
| ४ | जय प्र० देवकोटा | ल.कु.न.पा. वडा सदस्य | |
| ५ | पतिराम चौधरी | " " " " | |
| ६ | कृष्ण [illegible] | " ५ | |
| ७ | सुरज बहादुर ढकाल | ल.कु.न.पा. ५ | |
| ८ | केशव बहादुर [illegible] | ल.कु.न.पा. ५ | |
| ९ | जयन्द्र प्रसाद जोशी | " २ | |
| १० | भिमप्रसाद जोशी | | |
| ११ | महेश कुमार [illegible] | | |
| १२ | काशीराम [illegible] | " १ | |
| १३ | पुष्पराज डाँगी | ल.कु.न.पा. २ वडा सदस्य | |
| १४ | गिरी प्र० खनाल | " " २ | |
| १५ | हेमराज भण्डारी | " " २ | |
| १६ | देवानन्द जैसी | " " १ | |
| १७ | भरत बहादुर विष्ट | " " १ | |
| १८ | नन्द प्र० शाही | " " ३ | |
| १९ | भवानी प्रसाद जोशी | " " २ | |
| २० | विरेन्द्र प्रसाद अधिकारी | " " ४ | |
| २१ | शंकर प्र० ढकाल | " " ४ | |
| २२ | मायाराम धमला | " " २ | |
| २३ | कमल बहादुर बराल | " " ५ | |
| २४ | राम बहादुर विष्ट | " " ३ | |
| २५ | पदम खड्का | " " ६ | |

राजेन्द्र बि० कु० लं०नपा०२
जयलाल ओपाने लम्की वा. १
हंश बि०क० लं.चु. नं.पा-२
भिमराज बजगाई ,, ,,का.स
धनप्रसाद चौलागाई ,, ,,
केदार भण्डारी लं.चु.१ लम्की
उमेश तिमिल्सिना लं.चं.न.पा. का ...
प्रताप रेग्मी ,, ,,
केशवराज बजगाई १
गंगा राम अधिकारी १
नन्द बहादुर १
चन्द्र प्रकाश चौधरी लं.चु.नपा.व.न.५ सदस्य
धन बहादुर चौधरी क.स. वं.नं.१
दिल माया अधिकारी लं.चु.न.पा. ३ को सदस्य
पार्वती बादी वडा नं ३ सदस्य
एकराज विष्ट लं०चु १
खड्क टमटा लं०चु १
पदम राज ओपाने १
गोविन्द सिंह रावत लं०चु.१ कुटीलेत
केशव के.सी. ,, ,, ,, ,,
लीलाधर जोशी
टेक बहादुर थापा कैलाली होटल व्यवसायी संघ सदस्य
जसी थापा
हरी विष्ट
विरेन्द्र शाही
हर्क BT
धीरेन्द्र रावल
प्रकाश विष्ट लं०चु १ पूर्वलम्की
Bharat Raj Dangi Lamki, Chuha
Bhulraj Dhakal lamki, Chuha
Navin Rawal ,, ,,
Himal Shahi
Puran saud ,,
Sandesh Bikram Bista ,,
Tirtha Neupane (Aaka) ,,

नवराज खनाल लम्की चुहा - १
चन्द्र प्रसाद खनाल
बिरबराज रिमाल लम्की चुहा - १
तिलक कोइराला लम्की चुहा - ४
चन्द्र उपाध्याय लम्की चुहा - १
वीरेन्द्र कुवार लम्कीचुहा
नविन पन्त
सुरेन्द्र खनाल
हरिमाया थापा
योगेन्द्र बहादुर मल्ल
श्री तिलक बहादुर रक्सी लम्कीचुहा नगरपालिका
हिरोलाल डाँगी ल. चु. न.पा - २
नारायण राज डुङ्गाना
Manjalng Khatry
Ram parshd Yaddav lamki
रिटायर्ड
इश्वर न्यौपाने lamki
Forest ... Lamki
Bandeni Lamki
काशीराम केवडोहा
कलम पडवाल
Sandesh Bikram Bista lamki
तिलक खनाल लम्की
प्रेम बल रोकाया पत्रकार
मंगल बारकोटे लम्कीचुहा-४ पत्रकार
विजय वि.क. ४ तिलकपुर
वेद प्रकाश ओली कैलाली पोष्ट राष्ट्रिय दैनिक
जयन्ती शर्मा लम्कीचुहा १ लम्की
राम ब० बोगटी लम्कीचुहा वडा नं: ४
विश्वेश्वर प्रसाद उपाध्याय ल. चु. वडा: ८
नयाराम चौधरी ल. चौ. वा.
नरेन्द्र ... विष्ट

| | | |
|---|---|---|
| दिल बहादुर चौधरी | सामुदायिक रेडियो लिम्बु (प्रतिनिधि) | [signature] |
| देवानन्द चौपागे | सामुदायिक रेडियो पायलिङ जातारा | [signature] |
| डल्लीलाल चौधरी | सामुदायिक रेडियो प्रहरी र ह. र न. | [signature] |
| नकेन्द्र न्यौपाने | लम्की चुहा ०१ लम्की | [signature] |
| ललित जैसी | रुबियु सभापति | [signature] |
| शेरबहादुर | बाबापुर वडा नं. ६ | [signature] |
| टिका चौधरी | ल० चु० न० पा ६ | [signature] |
| दुबिलाल चौ. | ,, ,, | [signature] |
| सरिता साउद | लं. चु. नं. ८ | [signature] |
| सरोज कुमार शाह | लम्की बहुमुखी क्याम्पस | [signature] |
| बद्रीप्रसाद लम्साल | लम्कीचुहा न. पा. -२ | [signature] |
| मीन बि० शाही | टिप्पणीकर्ता टीकापुर न.पा. | [signature] |
| लक्ष्मी कुमारी बयाला | कार्यपालिका सदस्य | [signature] |
| जयन्ती वि. सी. | लं. चु. न. पा. स्वास्थ्य शाखा | [signature] |
| आनन्द भट्ट | लं. चु. न. पा. पशु सेवा शाखा | [signature] |
| नम्रता अधिकारी | लं. चु. न. पा. कृषि सेवा शाखा | [signature] |
| जनक बहादुर बलाला | लं. चु. न. पा. प्रशासन तथा योजना शाखा | [signature] |
| विष्णु प्र० खनाल | ,, नगर प्रमुख ज्यू को सचिवालय | [signature] |
| टीकाराम जोशी | लं. चु. न. पा. | [signature] |
| ईश्वर खड्का | टीकापुर | [signature] |
| चेतना शाही | लं. चु. न. पा. ९ | [signature] |

प्रस्ताव नं. १ सार्वजनिक सुनुवाई सम्पन्न सम्बन्धमा।

निर्णय नं. १. प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा लम्कीचुहा नगरपालिका को आ.व. २०७४/०७५ को सार्वजनिक सुनुवाई कार्यक्रम व्यापक उपस्थितिका बिच नगर प्रमुख श्री महादेव बजगाईं ज्यू को अध्यक्षतामा विभिन्न सुझाव सल्लाह व जिज्ञासा सहित टिप्पणीकर्ता श्री मिन ब. शाही ज्यू प्रस्तुत मन्तव्य सुझाव सल्लाहका साथ विषयगत शाखाहरु को भौतिक प्रगति प्रतिवेदन तथा नि. प्रमुख प्रशासकीय अधिकृत श्री हिमालय बम ज्यू को आ. व. को समग्र न. पा. को प्रशासनिक तथा लेखा परीक्षण सम्बन्धि को प्रतिवेदन प्रस्तुत भई आएका जिज्ञासाहरुलाई सरल, सहज रुपमा नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष ज्यूहरु, विषयगत शाखाका प्रमुख तथा नि. प्रमुख प्रशासकीय अधिकृत ज्यूबाट मेटाउने। उत्तर दिने प्रयास गर्दै सार्वजनिक सुनुवाई कार्यक्रम ऐतिहासिक रुपमा सम्पन्न गरियो।